आज मितिः२०७७।०५।२९ गतेका दिन यस बाणगंगा नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री मंगल प्रसाद थारु ज्यूको अध्यक्षतामा बसी निम्नानुसारका प्रस्तावहरु माथी छलफल गरि निर्णय गर्न निम्नानुसारका पदाधिकारीहरुको उपस्थिती रहेको छ ।

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | मंगल प्रसाद थारु | नगर प्रमुख | |
| २ | चक्रपाणी अर्याल | उप नगर प्रमुख | |
| ३ | बाल कुमारी पन्त | वडाध्यक्ष | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | |
| ५ | सन्तराम रौतार थारु | वडाध्यक्ष | |
| ६ | गणेश बहादुर क्षेत्री | वडाध्यक्ष | |
| ७ | भिष्मराज भुसाल | वडाध्यक्ष | |
| ८ | सुकदेव थारु | वडाध्यक्ष | |
| ९ | विष्णू गिरी | वडाध्यक्ष | |
| १० | गुणानीधि भुसाल | वडाध्यक्ष | |
| ११ | धुव्र बेल्बासे | वडाध्यक्ष | |
| १२ | राम बिहारी चौधरी | वडाध्यक्ष | |
| १३ | सोमनाथ अर्याल | वडाध्यक्ष | |
| १४ | टिका कूमारी अधिकारी | सदस्य | |
| १५ | सरिता देवी ढकाल | सदस्य | |
| १६ | योगनाथ सुनार | सदस्य | |
| १७ | कृष्ण बहादुर वि.क. | सदस्य | |
| १८ | गिता भुसाल | सदस्य | |
| १९ | केशरा गुरुङ | सदस्य | |
| २० | सावित्रा थारु | सदस्य | |
| २१ | पूर्णकला सुनार | सदस्य | |
| २२ | चुरामणि पन्थी | सचिव | |

Scanned with CamScanner

**बाणगंगा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**५ नं. प्रदेश, कपिलवस्तु नेपाल**

**मितिः २०७७।०५।२९**

**कार्यपालिका बैठकका प्रस्तावहरु-**

१. नमूना विद्यालयको लागत सहभागिता सम्बन्धमा ।
२. आय ठेक्काको विवाद निरुपण सम्बन्धमा ।
३. सरुवा सहमती सम्बन्धमा ।
४. सोर्य उर्जाको राय-सुझाव उपलब्ध गराउने सम्बन्धमा ।
५. इ-सेवाबाट कर भुक्तानी सम्बन्धमा ।
६. विविध ।

**निर्णयहरु:-**

**निर्णय नं. १**

५ नं. प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयबाट, शिक्षा तथा सामाजिक विकास निर्देशनालयको मितिः२०७७।०४।१६ मा प्रकासित सूचना अनुसार प्रदेश अन्तर्गतका प्रत्येक जिल्लाको कम्तिमा १ विद्यालयलाई नमूना विद्यालय छनौटको लागि प्रत्येक स्थानीय तहहरुबाट प्रस्ताव आव्हान गरेकोमा यस बाणगंगा नगरपालिकाबाट निम्नानुसारका विद्यालयहरुलाई सिफारिस गरि पठाउने निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | विद्यालयको नाम, | ठेगाना |
|---|---|---|
| १. | हेमराज मा.वि. हथौसा, | बाणगंगा - ११ |
| २. | जनज्योती मा.वि. मोतिपुर | बाणगंगा-७ |

**निर्णय नं.२**

यस नगरपालिका अन्तर्गत आ.व.०७६।७७ मा ठेक्का व्यवस्थापन भएका आय ठेक्काको सम्बन्धमा छलफल भएको र आजको बैठकबाट निचोडमा पुग्न नसकिएकोले नगर प्रमुख श्री मंगल प्रसाद थारुज्यूको नेतृत्वमा उपप्रमुख श्री चक्रपाणि अर्याल समेतबाट सम्बन्धीत पक्षसमेतको संलग्नतामा समस्या समाधानको लागि पहल गरी ठोस निर्णयको लागि कार्यपालिकाको अर्को बैठकमा पेश हुने गरि जिम्मेवारी दिने र आन्तरीक आय ठेक्काका पेश भएका बैंक जमानतहरु अर्को निर्णय नहुँदासम्मको लागि यथावत राख्ने निर्णय गरियो ।

**निर्णय नं.३**

यस कार्यालयमा कार्यरत सब ईन्जिनियर श्री रामु न्यौपानेले आफ्नो घर पायक कार्यालय तिलोत्तमा नगरपालिकामा जानको लागि सहमती माग गर्नुभएकोले सरुवा भई जानको लागि सहमति दिने निर्णय गरियो । साथै पाणिनी गाउँपालिकामा कार्यरत अ.स.ई. श्री देवराज घिमिरेले यस कार्यालयमा सरुवा भई आउनको लागि सहमति माग गर्नु भएकोमा यस कार्यालयमा रिक्त रहेको असिस्टेन्ट सब ईन्जिनियर पदपूर्तीको लागि मितिः२०७६।०१।०९ चलानी नं. ३८८८ को पत्रानुसार लोकसेवा

Scanned with CamScanner

आयोगमा माग गरि पठाईएकोमा १ जना बढुवा प्रणालीबाट छनौट गरि पठाउने जानकारी सहित विवरण प्राप्त भई आएकोले हाललाई सहमती उपलब्ध नगराउने निर्णय गरियो ।

**निर्णय नं. ४**

नेपाल सरकार लगानी बोर्डको कार्यालयको मितिः२०७७।०४।०१ च.नं. ४ को पत्रानुसार राय/प्रतिक्रिया माग भई आएकोले सो सम्बन्ध यस नगरपालिका अन्तर्गत वडा नं. ७ को फुलवारी सामुदायिक बनमा पर्ने खारखानी क्षेत्रमा जडान हुनेगरि व्यवस्था हुन र परियोजना विकास कार्यमा सहयोग पुराउने प्रतिवद्दता सहित राय प्रतिक्रिया लगानी बोर्डमा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५**

यस कार्यालय र वडा अन्तर्गगत राजस्व संकलनको लागि प्रयोग गरिएको सफ्टवेयरमा ई-सेवा प्रविधि जडान गरि अनलाईन मार्फत कर संकलनको व्यवस्था मिलाउन सम्बन्धीत पक्षसंग सम्झौता लगाएतका प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ६ विविध**

- सामाजिक विकास मन्त्रालय को मितिः२०७७।०५।०३ को सूचना अनुसार स्थानीय तहको २० प्रतिशत लागत साझेदारीमा खेलकुद संरचनाको पूर्वाधार निर्माण साझेदारी कार्यक्रमको लागि प्रस्ताव आव्हान भएको हुँदा बाणगङ्गा मा.वि. गजेहडा विद्यालयमा खेलकुद संरचना निर्माणको लागि २० प्रतिसत लगानिको प्रतिवद्दता सहित सामाजिक विकास डिभिजन कार्यालयमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।
- संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मितिः२०७७।०५।०२ को सूचना अनुसार स्थानीय तहमा साझेदारी मार्फत पर्यटकीय गन्तब्यहरुको विकास गर्न पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७७ मा ब्यवस्था भए बमोजिम साझेदारी मार्फत कार्यान्वयन हुने कार्यक्रमहरुको लागि प्रस्ताव माग भई आएकोले यस कार्यालयबाट तयार गरिएको DPR बमोजिम यस बाणगंगा नगरपालिका वडा नं. ३ राजापानी मा थारु संग्रालय निर्माण गर्न र DPR बमोजिम कूल लागत अनुमान ५,९१,००,०००।- को ३५% हुन आउने रकम लागत साझेदारी आन्तरीक स्रोतबाट व्यहोर्ने गरि प्रस्ताव पेश गर्ने निर्णय गरियो ।
- यस बाणगंगा नगरपालिका अन्तर्गतका सबै महिला स्वयंसेविकाहरुको कोरोना बिमा गरिदिने निर्णय गरियो ।
- तत्काल मर्मत नगरि नहुने सडकहरुको मर्मत सम्भार गर्नको लागि नगरमा रहेको मर्मतसम्भार कोषबाट रु.२५लाख रकम क्षेत्रफल, भौगोलिक विकटता, जनसंख्या र आन्तरीक आम्दानीको आधारमा शुत्रानुसार निम्नबमोजिम मर्मतसम्भार बजेट बिनियोजन गर्ने निर्णय गरियो ।

| वडा नं. | बाँडफाँड भएको मर्मत सम्भार बजेट रकम | वडा नं. | बाँडफाँड भएको मर्मत सम्भार बजेट रकम | कैफियत |
|---|---|---|---|---|
| १ | १६०७५९ | ७ | १७०३१४ | पूर्वाधार विकास शाखाबाट लागत ईस्टिमेट तयार गरी योजना शाखाबाट मर्मत कार्यको सम्झौता गरि तोकिएको मितिभित्र कार्य सम्पन्न प्रतिवेदन पश्चात भुक्तानी गर्ने । |
| २ | २६४८३३ | ८ | २९८३८९ | |
| ३ | १७००३७ | ९ | २८६७२० | |
| ४ | २२९६०७ | १० | ३०८९४३ | |
| ५ | १९३८७१ | ११ | २७१२८२ | |
| ६ | १४५२४४ | | | |